**SAMPLE QUESTION PAPER**

**Subject: Nepali (231)**

**Secondary Course**

**Time: 90 minutes** **Maximum Marks: 100**

**सामान्य निर्देश:**

i. प्रश्नपत्र 3 खण्डहरू समावेश गर्दछ ।

ii. त्यहाँ कुल 14 प्रश्नहरू छन् ।

iii. सबै प्रश्न अनिवार्य छन् ।

iv. प्रत्येक प्रश्नको लागि नम्बरहरू विशेष गरी लेखिएका छन् ।

**<u>खंड क</u>**

**1. निम्नलिखित अनुच्छेद ध्यानपूर्वक पढ्नुहोस् र निम्न प्रश्नहरूको उत्तर दिनुहोस्:**

निबन्धमा लेखक र पाठकको सोझो सम्बन्ध हुन्छ। यस्तो लेखक पाठको सोझो सम्बन्ध अरूमा हुन्न। भावुक र भावक, वक्ता र स्रोता, लेखक पाठकको सोझो सम्बन्ध हुन्छ। निबन्धकारले आफुले प्रतिपादन गर्न चाहेको विषय र आशयलाई सोझै आफ्नै तरिकामा प्रकट गर्दछ। यो औपचारिकभन्दा अनौपचारिक बढी हुन्छ। निबन्धकारको मनमा एउटा अज्ञात स्रोता र पाठक हुन्छ र उसलाई गफ गरेको ढाँचाले सुनाउँछ। लेखक प्रस्तोता भए पाठक अज्ञात स्रोता भावक हुन्छ। कुनै लेखकले छोटोमा र कुनैले विस्तारपूर्वक सनाउँछ। अज्ञात स्रोताले कुनै तर्क नगरी हो मा हो मिलाएको भान गर्छ। उसलाई तर्क दिएर, उदाहरण आदि दिएर विभिन्न तरिकाले बुझाउने प्रयत्न गर्छ। कुनै विषयलाई टुङ्गोमा पुऱ्याएको हुन्छ। लेखक पाठकसित लहसिन्छ, आत्मीय भएर विचार व्यक्त गर्छ। ज्ञान, सत्यता र तथ्यको पक्ष लिन्छ।

संस्कृतमा एउटा भनाइ छ- गद्य कवीनाम् निकष बदन्ती अर्थात् कविको कविको वास्तविक प्रतिभा गद्यमा रहेको हुन्छ। निबन्धका रूपमा मनका भाव, सत्यवचन, अनुभव, अनुभूतिलाई पाठकसामु अभिव्यक्ति गर्ने सबैभन्दा प्रबल विधा हो। कवितामा पनि आफ्ना कुरा परोक्षमा व्यक्त गरिन्छ तर प्रत्यक्ष रूपमा निबन्ध हो। निबन्ध लेखन भनेको बेकाबु घोडाको दौड होइन बरू लगामले बाँधेको घोडाको हिँडाइ हो। विषयलाई छरपस्ट हुन नदिई नियन्त्रित राखेर आफ्नो भन्नुपर्ने कुरा लेख्नु पर्छ। पाठकलाई ज्ञान र मनोरञ्जन दुवैले लाभान्वित बनाउनु पर्छ।

**1. निम्नलिखित प्रश्नहरुका सही विकल्प चयन गर्नुहोस् (कुनै 6 वटा) :** 1x6=6

i. उपर्युक्त उद्धरणमा आलोकपात गरिएको हो :

A. साहित्यको महत्वबारे

B. कविताको महत्वबारे

C. निबन्धको स्वरूपबारे

D. जीवनको महत्वबारे

ii. भावुक र भावकको सोझो सम्बन्ध हुन्छ

A. निबन्धमा

B.कवितामा

C. नाटकमा .

D. साहित्यका प्रत्येक विधामा

iii. अनुच्छेदमा प्रयुक्त श्रोताको विपरीत शब्द के हुन्छ?

A. श्रवणकर्ता

B. भ्रमणकर्ता

C. वक्ता

D. अज्ञात श्रोता

iv. निबन्धको शब्दरूप चिन्हित गर्नुहोस्

A. तद्भव

B. देशज

C. विदेशज

D. तत्सम

v. कसले ज्ञान, सत्यता र तथ्यको पक्ष लिन्छ ?

A.पाठकले

B. श्रोताले

C. लेखकले

D. निबन्धले

vi. निबन्ध लेखन भनेको

A. बेकाबु घोडाको दौड हो

B. लगामले बाँधेको घोडाको हिँडाइ हो

C. सबैभन्दा प्रबल विधा हो

D. कुनै पनि हैन

vii. यस उद्धरणको सर्वाधिक उपयुक्त शीर्षक हुन्छ ?

A. निबन्ध कला

B. निबन्ध लेखन

C. निबन्धको स्वरूप

D. निबन्धका प्रकार

**2. निम्नलिखित प्रश्नहरुका सही विकल्प चयन गर्नुहोस् (कुनै 4 वटा): 1x4=4**

i. कुनै समाचार पत्रकों सम्पादकलाई पत्र लेख्नु बेला ध्यान दिनु पर्छ

(१)समाचार पत्रकों नाम

(२) समाचार पत्रकों सदस्यता प्रमाणपत्र

(३) आफ्नो ठेकाना

(४) औपचारिकता

(५) पत्र प्राप्त हुनका सम्भावित मिति

A. (१) र (५)

B. (२), (३) र (४)

C. (३) र (५)

D. (१), (३) र (४)

ii. पत्रहरुक़ा प्रकार हुन्

A. दूइ

B. तीन

C. चार

D. पाँच ।

iii. पुस्तक विक्रेतालाई ग्राहकले लेखिने पत्र हुन्छ

A. निमन्त्रण पत्र

B. कार्यालयी पत्र

C. औपचारिक पत्र

D. अनौपचारिक पत्र ।

iv. पत्र औपचारिक होस वा अनौपचारिक, यसको प्रारूपमा अनुचित हुन्छ

A. पत्र पठाउनेको ठेगाना

B. पत्र पठाउनको तारीख़

C. विदाई

D. प्रतीकात्मक भाषा ।

v. 'सधैं तपाईंको शुभ-चिन्तक' कुन प्रकारको पत्रमा उल्लेख हुन्छ?

A. व्यक्तिगत पत्रमा

B. व्यापार सम्बन्धी पत्रमा

C. दफ़्तरी पत्रमा

D. निमन्त्रण पत्रमा ।

**3. निम्नलिखित प्रश्नहरुका सही विकल्प चयन गर्नुहोस् (कुनै 5 वटा) : 1x5=5**

i. निबन्धका भेद हैन

A. वर्णनात्मक निबन्ध

B. विवरणात्मक निबन्ध

C. विचारात्मक निबन्ध

D. सहज निबन्ध

ii. निबन्ध रचनाका तत्व हुन्छन्

A. प्रस्तावना

B. मध्य

C. उपसंहार

D. उपर्युक्त सबै

iii. --------मा धेरेलै विषयको परिभाषा दिन्छन्

A. भूमिका

B. विषय प्रवेश

C. अन्त

D. कुनै पनि हैन

iv. निबंधमा चाहिने मुख्य विषय हो

A. सामग्री

B. भाषा

C. शैली

D उपर्युक्त सबै

v. विचारप्रधान निबन्धमा रहन्छ

A. कल्पनाको प्रधानता

B. भावको तीव्रता

C. आत्मीयता
D. बुद्धितत्वको प्रधानता।

vi. भाषा शुद्धताको लागी ध्यान दिनुपर्दैन
A. शब्द चयन
B. वाक्य गठन
C. आलंकारिक शैली
D. विचार-क्रम

vii. लेखनमा आवश्यक, महत्वपूर्ण अनि प्रासंगिक कुराहरू ध्यानमा राख्नुलाई उपयुक्त शब्द हो
A. सफ़लता
B. सार्थकता
C. औचित्य
D. महत्ता

viii. लेखन शैलीमा प्रयोग हुन्छ
A. मुहावरा
B. लोकोक्ति
C. मुहावरा र लोकोक्ति
D. कुनै पनि हैन

4. **निम्नलिखित प्रश्नहरुका सही विकल्प चयन गर्नुहोस् (कुनै 5 वटा) :** **1x5=5**

i. ' संरचना' शब्दमा उपसर्ग चिह्नित गर्नुहोस्
A. स
B. सं
C. सम
D. रचना

ii. 'उज्ज्वल' शब्दमा उपसर्ग हुन्छ
A. उ
B. उत
C. उज
D. जल

iii. 'पारी पिटीपिटी' मा कुन अलंकार हुन्छ ?
A. रूपक
B. उपमा
C. अनुप्रास
D. यमक

iv. शब्द शक्तिका प्रकार हुन्
A. दुई
B. तीन
C. चार
D. पाँच

v. 'चिर परिचित' शब्दमा कुन समास हो?
A. तत्पुरुष समास

B. द्विगु समास
C. कर्मधारय समास
D. अव्ययीभाव समास
vi. प्रत्यय कति प्रकारका छन् ?
A. दुई
B. तीन
C. चार
D. पाँच

## खंड ख

5. **खालि ठाउँहरु भर्नुहोस् (कुनै 5 वटा) :** **1x5=5**
i. लक्ष्मीप्रसाद देवकोटा साहित्यका _________ कालका कवि हुन्।
ii. कवि देवकोटाले 'गरीब' कवितामा धरतीलाई ______ भनेका छन्।
iii. संसारमा गोर्खालीहरू ________ भएर प्रसिद्ध पाइन्छ।
iv. अगमसिंह गिरीमा _________ भाव थियो।
v. सानु लामाको कथा-संग्रह 'मृगतृष्णा'-को निम्ति -------- बाट पुरस्कृत भएका हुन्
vi. "आन्ध्र प्रदेशको _____________ एउटा नेपाली घर थियो। मूल सड़कदेखि अलिक पर एउटा कालोनी थियो।"

vii. 'मृगतृष्णा' _______ कथा हो।

**6. ठीक उत्तरमा 'सत्य' र गलतमा 'असत्य' लेख्नुहोस् (कुनै 5 वटा) :** **1x5=5**
i. 'रक्तको होली ' भनेको युद्ध लड्नु
ii. कबि गिरीको भाषा शैली देवकोटा को जस्तो छ
iii. नेपाली साहित्य चार कालमा विभाजित छन
iv. शरीर मिथ्या हो आत्मा सत्य हो
v. सिद्धार्थ ले तीन दृश्य घास, जून र तारा देखेका थिए
vi. सुखवीर एउटा ब्राम्हण को पाठ खेलने सी.आई.डी हुन

**7. तलको 10 प्रश्नहरुको एक शब्दमा उत्तर लेख्नुहोस (कुनै 10 वटा):** **1x10=10**
i. ''त्रिकोण' नाटकका हरिबाजे को हुन्?
ii. शास्त्रीय छन्दका कविता लिखने कविहरूमा चर्चित कवि हुन्।
iii. त्रिकोण' नाटकको ईमानदारी, सत्य र सोझो मानिस हो
iv. "अलिकति छुँदा तै यस्तो। अझै एक थप्पड़ हिरकायो भने त हुरुक्कै जालास मात्रै।" वक्ताको नाम के हो?
v. 'पद्मा'का दुइजना नानीहरूको नाम के के हो?
vi. 'पुस्तकमा जीबनको शक्ति छ' भन्ने मान्छे को हो ?
vii. नागा भाषामा ' हुकी' भनेको के हो ?
viii. 'पद्मा' डाक्टर जगत कुमार छेत्री को कुन कथा संग्रह अंतर्गत हो ?
ix. अंग्रेजी मा दरखास्त गरेरा हामी स्वंयेलाई कस्तो ठांदछौ ?
x. लेखनाथ को कुन महाकाब्य अधुरो रहयो ?
xi. अगम सिंह गिरी को जन्म र निधन कइले भयो ?
xii. गरीब को निम्ति आनंद को के छ ?

**8. निम्नलिखित प्रश्नहरुका उत्तर लेख्नुहोस (कुनै 10 वटा):** 1x10=10
i. बिपरीतार्थक शब्द लेख्नुहोस – वृद्धि

ii. बिपरीतार्थक शब्द लेख्नुहोस – प्रचुर
iii. पर्यायवाची शब्द लेख्नुहोस - असुर
iv. पर्यायवाची शब्द लेख्नुहोस – उपहार
v. शब्द हरुको संधि विच्छेद गर्नुहोस - निरापद
vi. शब्द हरुको संधि विच्छेद गर्नुहोस – कालान्तर
vii. समास को नाम लेख्नुहोस - चिर परिचित
viii. समास विग्रह गर्नुहोस - सुवर्ण फूल
ix. वाग्धारालाई अर्थ लेख्नुहोस - आगो हुनु
x. वाग्धारालाई अर्थ लेख्नुहोस - कुम ठोक्नु
xi. वाक्यमा प्रयोग गर्नुहोस – अंत पाउनु
xii. वाक्यमा प्रयोग गर्नुहोस – ऐचे हुनु

**खंड ग**

9. निम्न खण्ड ध्यानपूर्वक पढ्नुहोस् ।

एकदिन सिद्धार्थ आफ्नो राजदरबारको पर्खालदेखि वाक्क भई बाहिर घुम्न निस्के। तिनी सारथीसँग रथमा चढ़ी राजधानीको सड़कमा गईरहेका थिए । बाटोमा तिनले एउटा रोगी रोगले छटपटाईरहेका देखे। तिनले यस्तो दृश्य अघि कहिल्ये देखेका थिएनन। तिनले सारथीलाई यस बारे सोधे। सारथीले शरीर रोग र शोकको गुँड हो अनि यस्तो सबैले भोग्नुपर्छ भनी दिए। जवाफ सुनेर सिद्धार्थ निराश भए। त्यसपछि उनले क्रमशएउटा वृद्ध : मानिसलाई लट्ठीको भरमा सकी नसकी हिंडेकोएउटा मृत शरीर लगिरहेको र मृतकका आफ़ंतहरू रोइरहेका , । देखे। सारथीले सबै मानिस एकदिन बूढ़ो भएर मर्नेपर्छ भन्ने बताए। त्यसपछि एउटा सन्यासी उनको दृश्यमा पर्यो कतिपय मानिशारू यसैले सांसारिक दुःख त्यागेर सन्यास ग्रहण गर्छन भन्ने कुरा पनि सारथीबाटबुझे।
त्यसपछि सिद्धार्थ अत्यन्त निराश भई राजमहल फर्के। ती चार दृश्यको गहिरो छाप उनको हृदयमा परयो। उनले सबै कुरामा नश्वरता देख्न थाले अनि संसारदेखि विरक्त हूँदै गए। केही समय पछि सिद्धार्थले यो रोग र मृत्यु को अंत गराउने निश्चय गरी गृह त्याग गरे।

**निम्नलिखित प्रश्नहरुका उत्तर लेख्नुहोस:**

i. सिद्धार्थ कता घुम्न निस्के ? सिद्धार्थ ले बाटोमा के के देखे ? 1+2
ii. सिद्धार्थ अत्यंत निराश केना भए ? 3
अथवा
सिद्धार्थले कुन कुरामा नश्वरता देखन थाले ?
iii. अनुच्छेदको सारांश आफ्नो भाषा शैलीमा लेख्नुहोस । 5

10. **निम्नलिखित प्रश्नहरुका उत्तर लेख्नुहोस**

i. तलका प्रश्नहरूको उत्तर एक वा दुई वाक्यमा दिनुहोस्। 5

"मिलेर काम गर्नाले हुँछ अत्यंत फ़ायदा ,
एकता हेर कसतो छ, मोरीको महमा सदा ". ।
- अर्थ स्पष्ट गर्नुहोस् ।

**अथवा**

आमा शब्द छ अमृतै मिठो दुर्गा भाबनी तिमि
लक्ष्मी, शक्ति सरस्वती हृदयमा बस्ने दयालु बनी ।
हाम्रो यो शिर झुक्छ त्यो चरणमा तिम्रै मुटुमा थियो
तिम्रै आशिषले अलग्ग छ यँहा पुग्ने त्यही ने छ यो।।
- अर्थ स्पष्ट गर्नुहोस् । 5

ii. कवि हुन किन सजीलो कुरा होईन ? (कवि र कविता) 3

iii. भारतको उत्तरी भागको कुन देशले आक्रमण गरे र किन ? 2

**अथवा**

चियाबारीका समिखारू कसरी शहिद भए ? 2

11. **निम्नलिखित प्रश्नहरुका उत्तर लेख्नुहोस (कुनै 3 वटा)** 3x2=6

i. नेपाली भाषाको सरकारी कामकाजका समस्या कसरी हल गर्न सकिनछ?

ii. नेपाली भाषाको दरखास्त रद्द भए हामीले के गर्नुपर्छा ?

iii. 'तीनतारे सारंगी' भनेको के हो ?

iv. 'मृगतृष्णा' कस्तो कथा हो ?

v. ‘त्रिकोण’ नाटकको भनाइ के हो ?

12. **निम्नलिखित प्रश्नहरुका उत्तर लेख्नुहोस (कुनै 2 वटा)** 2x5=10

i. रामलाल अधिकारीको निबन्धको भाषा-शैली कसतो छ?

ii. जीवन र साहित्य पाठ अनुसार जीवन केलेर कसरी बनिएको छ ?

iii. 'त्रिकोण' एकांकी को सुखबीर को चरित्र चित्रण गर्नुहोस ?

13. तपाईं अंकितअंकिता/, लाइब्रेरियन, पब्लिक स्कूल, सिलगढी, दार्जिलिङ हुनुहुन्छ। गुरुङ प्रकाशक, हिल कार्ट रोड, दार्जिलिङलाई आफ्नो विद्यालयको पुस्तकालयको लागि अंग्रेजीदेखि नेपाली शब्दकोश, सचित्र बाल विश्वकोश, कथाका पुस्तकहरू आदि अर्डर गर्न पत्र लेख्नुहोस्। तिनीहरूलाई सूची, छुट प्रस्ताव, भुक्तानीको मोड र डेलिभरीको लागि लिइएको समयको लागि अनुरोध गर्नुहोस्। 5

**अथवा**

तपाईं राजुरविता हुनुहुन्छ/, A-126, महात्मा गान्धी रोड, गान्तोकमा बस्दै हुनुहुन्छ। सिक्किम विश्वविद्यालय, सिक्किमले चाँडै नै चिनी  भाषामा डिप्लोमा कोर्स सञ्चालन गर्ने विज्ञापन देख्नुभएको छ। भर्ना प्रक्रिया, शुल्क संरचना, पाठ्यक्रमको अवधि, कक्षाको समय, यातायात सुविधा आदि जस्ता सबै सान्दर्भिक जानकारीहरू खोज्दै विज्ञापनदातालाई । 5

14. **कुनै एउटा विषयमा निबन्ध लेख्नुहोस :** 8 (2+3+3)

(क) पर्यावरण

(ख) समाचार माध्यमको भूमिका

(ग) राजनीति र मूल्यबोध

(घ) स्त्री शिक्षा

**Marking Scheme**
**Secondary**
**Nepali (231)**

1. i. C
   ii. A
   iii. C
   iv. D
   v. C
   vi. B
   vii. B
2. i. D
   ii. A
   iii. C
   iv. A
   v. A
3. i. D
   ii. D
   iii. A
   iv. D
   v. D
   vi. C
   vii. B
   viii. C
4. i. C
   ii. B
   iii. D
   iv. A
   v. D
   vi. A
5. i. नव्य
   ii. विछौना
   iii. कलमवीर
   iv. धार्मिक
   v. एकाडेमी दिल्लीबाट
   vi. सीमपेटामा
   vii. दार्शनिक
6. i. सत्य
   ii. असत्य

iii. सत्य
iv. सत्य
v. असत्य
vi. असत्य

7. i. सी.आइ.डी
ii. माधबप्रसाद घिमिरे
iii. सुखवीर
iv. प्रदीप
v. अनिता र अन्जली
vi. मिल्टन
vii. साथी
viii. अन्तर्द्धन्द
ix. अत्मभिमान र बडप्पन
x. गौरी गंगा
xi. २६ दिसम्बर १९२७ साल, ३१ जनवरी १९७१ साल

8. i. ह्रास
ii. अल्प
iii. राक्षस, दानव
iv. इनाम, कोसली
v. निर + आपद
vi. काल + अन्तर
vii. अव्यीयभाव समास
viii. तत्पुरुस समास
ix. रीसले चुर हुनु
x. धाक लगाउनु
xi. आफै वाक्य बनायरा लेख्नुहोस
xii. आफै वाक्य बनायरा लेख्नुहोस

9.

i. सिद्धार्थ आफ्नो राजदरबारको पर्खालदेखि वाक्क भई बाहिर घुम्ने निस्के।
रोगी रोगले छटपटाईरहेका देखे, बृद्ध मानिसलाई लाठिको भरमा सकी नसकी हिँडेको, मृत शरीर लगिरहेको

ii. त्यों दृश्यको गहिरो छाप उनको हृदयमा परयो
अथवा
रोगि, बृद्ध, मृत मानिस दृश्यको गहिरो छाप । उनले सबै कुरामा नश्वरता देख्र थाले।

iii. सारांश आफ्नो भाषामा लेख्नुहोस

10. i. नैतिक दृष्टान्त कबितामा कवि लेखनाथ पौडवाल यो पद्मा 'एकता त्यहा बताएका छन'। अर्थ स्पस्ट गर्नुहोस।
अथवा
आमा कवितामा कबि तुलसी राम शर्मा कश्यप यो पदमा आमाको हृदय मा शक्ति र देबी को वास, अत्यन्त दयालु तेहा बय्ताय्को छन् । अर्थ स्पस्ट गर्नुहोस।

ii. भाव न भएको शब्द मात्र थुपारेर मिलाएर रखेका लहरलाई कविता को नाम उचित हुँदैना। कविता भनेको कुरा दिल ले लेख्नु पर्छा ।

iii. चीन देशले, कंशको रूप धारण गरेरा कृष्णरूपी भारत देश जस्तो धर्मपरायण देश ले मार्न खोजे को ...............

अथवा

अधिकार र मांगकोलागि, निर्दोष श्रमिकहरुमाथि, गोलीप्रहार।...................................

11. i. शुद्ध नेपाली र व्याकरणलाई ध्यान दिएराई लेख्नुपर्छा। .........

ii. अधिकार लडेर पनि लिनुपर्छ।

iii. चेतना, सम्झना र इच्छा

iv. दार्शनिक, भावमा गम्भिरता, लेखनमा प्रोढोता। कथानक संकुचित नभई बृहत र बिस्वब्यपी

v. अन्याय, अत्याचार, शोषण एवं इमान्दारी र सत्यको पक्ष लै घोर बिरोध ।

12. i. सरल, सरस र सहज छ । सामान्य र बुझने किसिमका ..................... भाषा शैली सम्बन्धी टिपण्णी

ii. जीबन र साहित्य पाठको लेखक 'श्री राम कृष्णा शर्मा' द्वारा लेखेको मनिसको जीवन अनुभवहरु को प्रचुरता ले बनेको छ ....................।

iii. मध्यमबर्गको मानिस इमान्दारी, सत्य र सोझो, इज्जतदार र सत्य को पुजारी, धन को कमि ले गर्दा

13. <u>पत्रलेखन</u>

(ठिकाना, दिनांक, सम्बोधन, पत्रोको मुख्य भाग लेख्नुपर्नेकुरा पत्रको शेष, शुद्ध भाषा को ज्ञान)

14. <u>निबंध</u>

भूमिका

बिषयबस्तु

उपसंहार